## नागरिकता सम्बन्धी ब्यवस्था:-

- नेपालको संविधान (२०७२) को भाग २ मा प्रत्येक नेपाली नागरिकलाई प्रादेशिक र लैङ्गिक पहिचान सहित नागरिकता प्रदान गर्ने प्रतिवद्धता अनुसार नेपाल नागरकिता ऐन, २०६३, नियमावली, २०६४ (चौंथो संशोधन सहित) कार्यान्वयनमा ल्याएको छ ।
- नेपालको संविधान अनुसार वंशज, अंगीकृत, जन्मको आधार, गैर आवासीय नेपाली र सम्मानार्थ नागरिकताको प्रचलन र मान्यता कायम गरेको छ ।
- तर वि.स. २०७२ साल पछाडी जन्मका आधारमा नागरिकता प्रदान नगरिने, प्रदान गरी सकेकोलाई मात्र मान्यता ।

<u>नागरिकता ऐन, २०६३, नियमावली २०६४ (चौंथो संशोधन सहित) ले निम्न किसिमको नागरिकता प्रदान गर्ने ब्यवस्था:-</u>

<u>(क) बंशज नागरिकता:-</u>

देहायको ब्यक्तिलाई बंशजको आधारमा नागरिता प्रदान गरिनेछ:-

- बाबु वा आमा वा तीन पुस्ता भित्रका कसैको नागरिकता कसैले पेश गरेको नेपाली नागरिकलाई (ऐनको दफा ३(१))
- नेपाल भित्र फेला पर्ने पितृत्व र मातृत्व ठेगाना नभएको नाबालक १६ वर्ष उमेर पूरा भएपछि नेपालको सरहदभित्र जन्म भएको ब्यक्तिलाई (ऐनको दफा ३(३))
- तीन पुस्ताभित्रको नागरिकता पेश गर्न नसकेको नेपाली आमा र बुबाबाट नेपालमा जन्म भएको र नेपालमा स्थायीरुपमा बसोबास गरेका ब्यक्तिलाई (नियमावलीको नियम ३ को उपनियम २(क, ख))
- नेपाली नागरिक आमाबाट नेपालमा नै जन्मभई नेपालमा स्थायीरुपमा बसोबास गर्दै आई रहेका र बाबुको पहिचान हुन नसेकेका ब्यक्तिलाई (ऐनको दफा ३को उपदफा ५र नियमावलीको नियम ३(ख))
- बाबु र आमाले जन्मका आधारमा नागरिकता प्राप्त गरेका सन्तानलाई (ऐनको दफा ३(४))

**(ख) अंगीकृत नागरिकता:-** देहायको ब्यक्तिले अंगीकृत नागरिकता प्राप्त गर्न सक्नेछन ।

- कम्तिमा १५ वर्षदेखी स्थायीरुपमा नेपालमा बसोबास गरेका र तोकिएका सर्तहरु पूरा गरेका ब्यक्तिलाई नेपाल सरकारले मनासिव ठहऱ्याएमा ब्यक्तिलाई (ऐनको दफा ५(४))
- विदेशी महिलाले नेपाली नागरिकसँग विवाह गरेमा निजलाई बैवाहिक अंगीकृत नागरिकता प्रदान गर्नेछ । (ऐनको दफा ५(१))
- बुबाको अंगीकृत नागरिकता भएका र सो नागरिकता जारी हुनुपूर्व जन्म भएका सन्तानलाई (ऐनको दफा ५(५))

➢ विदेशी पुरुषसँग विवाह गरेका नेपाली आमाबाट जन्मेका सन्तान नेपालमा जन्म भई नेपालमा स्थायी बसोबास गरेका र बाबुका आधारमा विदेशी नागरिकता नलिएकालाई (ऐनको दफा ५(२))

➢ बाबु वा आमाले जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको र दुवै मध्ये एकको नागरिकता प्राप्त गर्नु पूर्व मृत्यु भएको सन्तानले अंगिकृत नागरिकता प्राप्त गर्न सक्नेछ। (ऐनको दफा ५(५क))

➢ नेपाली आमाबाट विदेशमा जन्म भई बाबुको पहिचान हुन नसकेका विदेशी राहदानी र नागरिकता नलिएका र नेपालमा स्थायी बसोबास भएका व्यक्तिलाई (ऐनको दफा ५(५ख))

(ग) **गैर आवाशीय नेपाली नागरिकताः-** यस अघि प्रचलनमा आईसकेको।

(घ) **सम्मानार्थ नागरिकताः-** नेपाल सरकारबाट प्रदान गरिने ।

**<u>पछिल्लो संशोधन पछाडी अंगीकृत नागरिकता प्राप्त गर्न पेश गर्नुपर्ने कागजातहरुको सूची-</u>**

(अ) **विदेशी पुरुषसँग विवाह गरी नेपाली आमाबाट जन्मभएका सन्तानले अंगीकृत नागरिकता प्राप्त गर्नेको हकमाः- (ऐनको दफा ५(५(क))**

- ❖ अनुसूची-७ मा वडाको सिफारिस तथा निवेदन,
- ❖ जन्मदर्ता प्रमाणपत्र,
- ❖ चारित्रिक प्रमाणपत्र सहितका शैक्षिक प्रमाणपत्र,
- ❖ आमाको नागरिकता,
- ❖ बाबुको विदेशी पहिचान पत्र/मतदाता परिचयपत्र/राहदानी/मृत्युदर्ता,
- ❖ नेपालमा जन्म भई नेपालमा स्थायी बसोबास भएको सिफारिस,
- ❖ परिवारिक विवरण (जन्ममिति, ना.प्र नं.र फोटो सहितको)
- ❖ अनुसूची-७(क) बमोजिम निवेदन र निजकी आमाको स्वघोषणा
- ❖ आमाको मृत्यु भएमा आमाको मृत्युदर्ता तथा होस ठेगानमा नरहेको भए स्वीकृत चिकित्सबाट प्रमाणित पत्र,
- ❖ सपथग्रहण (अनुसूची अनुसारको)
- ❖ प्रहरी सर्जीमिन वा अन्य जाँचबुझका विषय,

(आ) **बाबु वा आमा मध्ये एकले जन्मको आधारमा नागरिकता प्राप्त गरेका तर अर्कोको नागरिकता प्राप्त गर्नु पूर्व मृत्यु भइसकेको सन्तानको हकमा (ऐनको दफा ३(४(क))-**

- ❖ अनुसूची-७ मा वडाको सिफारिस तथा निवेदन,
- ❖ जन्मदर्ता प्रमाणपत्र,
- ❖ चारित्रिक प्रमाणपत्र सहितका शैक्षिक प्रमाणपत्र,

- बुबा वा आमाको नागरिकता,
- बुबा वा आमाको मृत्युदर्ता,
- नेपालमा जन्म भई नेपालमा स्थायी बसोबास भएको सिफारिस,
- परिवारिक विवरण (जन्ममिति ,ना.प्र.न.र फोटो सहितको)
- बाबु वा आमाको मृत्यु वा सम्पर्क विहीन भएमा निवेदकले अनुसूची-७(ख) बमोजिम ढाँचामा स्वघोषणा,
- बाबु वा आमाको मृत्यु वा सम्पर्क विहीन भएमाकोमा सो सम्बन्धी वडाको सिफारिस,
- प्रहरी सर्जमिन वा अन्य जाँचबुझका विषय,

**(इ) नेपालका नागरिक आमाबाट विदेशमा जन्म भई नेपालमा स्थायी वसोवास गरेको र बाबुको पहिचान हुन नसकेका ब्यक्तिको हकमा (ऐनको दफा ५(५(ख))-**

- अनुसूची-७ मा वडाको सिफारिस तथा निवेदन,
- जन्मदर्ता प्रमाणपत्र,
- चारित्रिक प्रमाणपत्र सहितका शैक्षिक प्रमाणपत्र,
- आमाको नागरिकता,
- निजको जन्म भएको मुलुक, स्थान र जन्म सम्बन्धी विवरण खुल्ने कागजात,
- स्थायी बसोबास भएको सिफारिस,
- बुबाको पहिचान हुन नसकेको स्थानीय तहको सिफारिस,
- परिवारिक विवरण (जन्ममिति र फोटो सहितको)
- अनुसूची-७(क) बमोजिम आमाको स्वघोषणा,
- शैक्षिक प्रमाणपत्र
- प्रहरी सर्जमिन वा अन्य जाँचबुझका विधि,

माथि उल्लिखित अ,आ र इ किसिमका अंगिकृत नागरिकता सम्बन्धमा श्रीमान् प्र.जि.अ. बाट अधिकार प्रत्योजन नुहने (नियमावलीको नियम ८ को उपनियम २)

<u>पछिल्लो संशोधन पछाडी बाबुको पहिचान हुन नसकेका व्यक्तिलाई प्रदान गरिने बंशजका नागरिकता सम्बन्धमाः-</u>

**(क) नेपाली आमाबाट नेपालमा जन्म भएका, नेपालमा स्थायी बसोबास भएका र बाबुको पहिचान हुन नसकेको सन्तानको हकमा पेश गर्नुपर्ने कागजातः-**

- अनुसूची-१ को ढाँचामा निवेदन तथा वडाको सिफारिस
- जन्मदर्ता प्रमाणपत्र
- आमाको नेपाली नागरिकता प्रमाणपत्र
- जन्मस्थान, स्थायी बसोबास र नाता खुल्ने स्थानीय तहको स्पष्ट सिफारिस,

* बाबुको पहिचान खुल्न नसकेको स्थानीय तहको सिफारिस
* अनुसूची ४(क) र ४(ख) को ढाँचामा स्वघोषणा,(निवेदक र निजको आमा
* आमाको मृत्यु भएमा मृत्युदर्ता तथा होसठेगानमा नभएको हकमा स्वीकृत चिकित्सबाट सो सम्बन्धी प्रमाणित पत्र
* प्रहरी सर्जमिन वा आवश्यकता अनुसार अन्य जाँचबुझको विधि

**(ख) नेपालको सरदभित्र फेला परेका पितृत्व र मातृत्वको ठेगाना नभएको र बाबु वा आमाको पता नलागेसम्मः- (ऐनको दफा ३(३))**

* अनुसूची-१ को ढाँचामा निवेदन तथा वडाको सिफारिस
* जन्मदर्ता प्रमाणपत्र
* शैक्षिक प्रमाणपत्र(उपलब्ध भए सम्म )
* ७ दिने सूचना (जिल्ला प्रशासन कार्यालय सर्लाहीले निकाल्ने)
* प्रहरी सर्जमिन/प्रतिवेदन/५ जनाबाट स्थलगत सर्जमिन
* जनप्रतिनिधि सहित ३ जनाको सनाखत
* संरक्षक भए संरक्षकको सनाखत
* अनाथालय वा बालमन्दिरमा पालनपोषण भएको भए सो संस्थाको सिफरिस र सोही आधारमा वडाको सिफारिस
* अन्य तरिकाबाट पालनपोषण भए सो सम्बन्धी वडाको सिफारिस

**(ग) तीनपुस्ता भित्रको नागरिकता प्रमाणपत्र पेश गर्न नसक्ने नेपाली नागरिकलाईः-**

* अनुसूची-१ को ढाँचामा निवेदन तथा वडाको सिफारिस
* जन्मदर्ता प्रमाणपत्र
* शैक्षिक प्रमाणपत्र
* ७ दिने सूचना (जिल्ला प्रशासन कार्यालय सर्लाहीले निकाल्ने)
* निवेदकको बाबु र आमा नेपाली भएको र निज नेपालमा जन्मभई स्थायीरुपमा बसोबास गरेको सम्बन्धमा वडाको सिफारिस
* प्रहरी प्रतिवेदन
* अनुसूची-३ को ढाँचामा ५ जनाबाट स्थलगत सर्जमिन
* अनुसूची-४ को ढाँचामा ३ जनाबाट सनाखत